"प्राकृतिक सम्पदायुक्त हराभरा सहर, सम्पूर्ण नगरवासीको एउटै रहर"

# परशुराम नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

जोगबुडा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल।

पत्र संख्या:- २०८३/०८४
चलानी नम्बर:- २१५

## प्रेस विज्ञप्ति

(मितिः २०८३/०५/११ गते)

यहि मिति २०८३ भाद्र १० गते भोटेकोशी नदीमा आएको भीषण बाढीका कारण रसुवा, नुवाकोट, धादिङलगायतका जिल्लामा भएको ठूलो जनधनको क्षति र विनाश अत्यन्तै दुःखद्, पीडादायी र हृदयविदारक छ।

यस अप्रत्याशित प्राकृतिक विपद्मा परी ज्यान गुमाउनुभएका सम्पूर्णप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु। साथै, सम्पर्कविहीन तथा वेपत्ता हुनुभएका सबैको शीघ्र खोजी, उद्धार र सकुशल प्राप्तिका लागि हृदयदेखि नै प्रार्थना गर्दछु।

मानवीय संवेदना नै विपद्को पहिलो सहारा हो। यसर्थ, यस संकटको समयमा राज्यका उद्धार तथा राहत प्रयासमा सबैले आ-आफ्नो स्थानवाट सक्दो सहयोग गरौं। प्रभावित नागरिकको खोजी, उद्धार, उपचार, राहत, पुनर्स्थापना र पुनर्निर्माण कार्यमा एकजुट भएर साथ दिऔं।

अतः यस विषम परिस्थितिमा विपद्बाट प्रभावितहरूलाई आर्थिक सहयोगका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेको **'प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष'** र **'प्रधानमन्त्री राहत कोष'** मा आफ्नो तर्फबाट यथाशक्य सहयोग उपलब्ध गराइदिनुहुन सम्पूर्ण नगरवासी, राष्ट्रसेवक कर्मचारीहरू, व्यवसायी, संघ-संस्था, तथा महानुभावहरूमा हार्दिक अपिल गर्दछु।

जय परशुराम!

नगर प्रमुख
नगर प्रमुख
भरत बडायर जोशी

<u>प्रधानमन्त्री राहत कोष</u>

| सि.नं. | बेंकको नाम | बैंक खाता नम्बर | क्यूआर कोड (QR Code) |
|---|---|---|---|
| १ | राष्ट्रिय वाणिज्य बैंक | १४३०१००००००२५००६<br>१४३०१००००११६४००१ | |